## नेपाल सरकार
## सामान्य प्रशासन मन्त्रालय
## सिंहदरवार, काठमाण्डौं

# सवारी साधन खरिद कार्यको लागि शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७३।०२।२८ गते

यस मन्त्रालयको प्रयोजनको लागि तपशील बमोजिका सवारी साधनहरुको खरिद कार्य सिलबन्दी बोलपत्रद्वारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त उत्पादक /कम्पनी/ अधिकृत बिक्रेताबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित बैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपशील

१) बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र चालु आ.व. का लागि नवीकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७१/०७२ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लिखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले यस मन्त्रायलयबाट खरिद गर्न सकिनेछ ।

२) खरिद भएका बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजे भित्र शिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस मन्त्रालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० बजे उपस्थित बोलपत्र दाता वा निजका प्रतिनिधिहरु र मन्त्रालय प्रतिनिधिहरुको रोहबरमा यस खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन् ।

३) बोलपत्रखरिद गर्ने बादाखिलागर्ने अन्तिमदिनबिदा परेमालगत्तै मन्त्रालयखुलेको दिन सोही समय अनुसार हुनेछ ।

४) बोलपत्र साथ जमानत बापतको बोल कबोल अंकको २.५ प्रतिशतले हुन आउने रकम एभरेष्ट बैंक लिमिटेड सिंहदरवार स्थित धरौटी खाता नं.१३५००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस मन्त्रालयको नाउँमा जारी गरिएको विडवण्ड (Bid Bond) (बोलपत्र पेश गरेको अन्तिम मितिबाट १२० दिन मान्य भएको) पेश गर्नुपर्नेछ ।

५) म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।

६) बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर बाहेको रकमउल्लेख गर्नु पर्नेछ । सो दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउंमा सहिछाप भएको हुनु पर्नेछ ।

७) यस मन्त्रालयका हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहने छ ।

८) बोलपत्र स्वीकृत भएपछि कबुल ठेक्का अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा एक वर्ष म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट यस मन्त्रालयको नाउंमा जारी गरिएको कार्य जमानतपत्र (परफरमेन्स बण्ड) सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ ।

१०) बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस मन्त्रालयमा सम्पर्क राख्न सकिनेछ ।

११) यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनीक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४तथाअन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१२) शिलबन्दी बोलपत्रको कामको विवरण निम्न अनुसारको हुनुपर्नेछ ।

| Contract Identification No. | Description | Quantity | Minimum Bid Security Amount | Cost for Bid Document |
|---|---|---|---|---|
| V/01/072/073 | Hatchback Car (1200 CC Class) | 2 (TWO) | Rs. 150,000.00 | 1000.00 |